# प्रेस विज्ञप्ति

आदरणीय ग्राहकबर्गज्यूहरु,

आज विश्वका धेरै भू-भागहरु कोभिड-१९ (Covid- 19) कोरोना भाइरसको प्रकोपले आक्रान्त भएका र विश्व स्वास्थ्य संगठनले पनि नेपाललाई जोखिमपूर्ण रास्ट्रको रुपमा सूचिकृत गरेको यहाहरु सबैमा सर्वबिदित नै छ |

यस्तो आक्रान्त प्रस्थितिलाई मध्यनजर गर्दै माननीय उपप्रधानमन्त्रीज्यूको संयोजकत्वमा गठित नोभल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको निर्णय र सिफारिस अनुसार चैत्र ७, २०७६ को सम्माननीय प्रधानमन्त्रीज्यूको देशबासीका नाममा व्यक्त भएको सम्बोधन बमोजिम अत्यावश्यकीय सेवा प्रदान गर्ने कार्यालयहरु बाहेक सम्पूर्ण कार्यालय तथा संस्थाहरु चैत्र २१, २०७६ सम्मलाई बन्द रहनेछन् | संचार प्रविधिको लागि इन्टरनेट सेवा अत्यावश्यकीय सेवा भएको हुदा साथै प्राय प्रयोगकर्ताहरु घरमै रहने र धेरैजसो कार्यालयहरुले घरबाटै काम गर्नु पर्ने ब्यबस्था गरेका हुनाले सो को लागि पनि इन्टरनेट सेवा नै अत्यावश्यक पर्ने कुरा यहाहरुलाई अवगत नै छ | हामी सेवा प्रदायकहरू यस्तो गम्भीर परिस्थितिमा पनि सकेसम्म सेवाको सुचारुता र गुणस्तर कायम राख्नेमा कटिबद रहने कुरा बिस्वास दिलाउन चाहन्छौ | इन्टरनेट सेवाको प्रयोग मनोरन्जनात्मक भन्दा पनि सूचनामूलक रुपमा प्रयोग गर्नु हुन् अनुरोध गर्दछौ |

आजको दिनमा इन्टरनेट सेवा सूचना प्रवाहको मुख्य सम्बाहक रहेको हुनाले सम्पूर्ण महत्वपूर्ण सूचनाहरु इन्टरनेटद्वारा नै सम्बाहित भैरहेका छन् | यसकारण अरु समयको भन्दा ब्यान्डविथको खपत अत्यधिक मात्रामा बढ्न गएको, जसको कारण सेवा प्रदायकहरूको नेटवर्कमा अत्यधिक भार पर्न गएको छ | यस्तो अत्यधिक भारलाई कम गर्न र सूचना सम्बाहमा कुनै प्रकारको समस्या नआओस भन्नका हेतु हामी हाम्रा सम्पूर्ण ग्राहकबर्गज्यूहरुलाई इन्टरनेटको अत्यधिक खपत हुने खालका एप्सहरु, अनलाईन गेमहरु, भिडियो सामाग्रीहरु तथा अनावश्यक वेबसाइटहरुको प्रयोग नगर्नु हुन् अनुरोध गर्दछौ | साथै सेवा प्रदायकहरूले जडान गरेका उपकरणहरु स्थान परिवर्तन नगरी प्रयोग गर्नु होला | अन्यथा सो उपकरणहरुको सेटिंग बिग्रन जाने हुन् सक्छ | यदि स्थान परिवर्तन गर्नु परेमा सम्बन्धित सेवा प्रदायकहरुको सहयोग लिएर सम्भव हुने भए मात्र गर्नु हुन् अनुरोध छ | यस्तो गम्भीर परिस्थितिमा ग्राहकको घर तथा कार्यालयसम्म गएर मर्मत सम्भारको कार्य गर्न असमर्थ हुनेछौ | साथै यो समयावधिमा ग्राहकबर्गज्यूहरुको सेवाको अवधि सकिन गए सम्पूर्ण सेवा प्रदायकहरू अनलाईन तथा डिजिटल भुक्तानीका माध्यममा जोडिएका हुनाले सो को प्रयोग गरि सेवा सुचारु गर्नु हुन् अनुरोध गर्दछौ |

यस्तो गम्भीर परिस्थितिमा पनि हामी सम्पूर्ण सेवा प्रदायकहरू हाम्रा सम्पूर्ण ग्राहकमहानुभावज्यूहरुलाई छिटो, छरितो र गुणस्तरीय सेवा प्रदान गर्न भरपुर कोशिस गर्नेछौ | धन्यबाद |||

**इन्टरनेट सेवा प्रदायक संस्था नेपाल**
**पुल्चोव्क, ललितपुर, नेपाल**